**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १० दिसम्बर २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मूले भारतले गरिबी र भोकमरी उन्मूलन गर्ने तथा युवालाई समान अवसर प्रदान गर्ने नीति लागू गरेर विश्वका लागि उदाहरण प्रस्तुत गरेको बताउनु भएको छ।

२. विविध कार्यक्रमको साथमा बिस्वभर आज मानव अधिकार दिवस मनाइँदैछ।

३. कर्नाटकका पूर्व मुख्यमन्त्री तथा पूर्व विदेशमन्त्री एसएम कृष्णाको निधन, राष्टपति, प्रधानमन्त्री तथा पश्चिम बंगालकी मुख्यमन्त्रीले गहिरो दुःख व्यक्त गर्नुभयो

४. दार्जीलिङ नगरपालिकाको वार्ड नम्बर 31 अन्तरगत भोटे बस्ती पुग्ने मुख्य सड़कको आज शिलान्यास गरियो

र

५. पश्चिम बङ्गालको बिभिन्न स्थान लगायत दार्जिलिंग पहाडमा क्रमश तापमानमा कमि आइरहेछ।

**राष्ट्रपति-मानवाधिकार दिवस**

राष्ट्रपति द्रौपदी मुर्मूले भारतले गरिबी र भोकमरी उन्मूलन गर्ने तथा युवालाई समान अवसर प्रदान गर्ने नीति लागू गरेर विश्वका लागि उदाहरण प्रस्तुत गरेको बताउनु भएको छ। मानव अधिकार दिवसका अवसरमा राष्ट्रिय मानव अधिकार आयोगले आज नयाँ दिल्लीमा आयोजना गरेको कार्यक्रममा उहाँले सो कुरा बताउनुभएको हो। राष्ट्रपति द्रौपदी मुर्मूले भन्नुभयो भारतको आफ्नो 5000 सालभन्दा पुरानो सभ्यताले सद्भावपूर्ण समुदायभित्रका व्यक्तिहरूको सहानुभूति, करुणा र अन्तरसम्बन्धितताको मूल्यलाई कायम राखेको छ।

****** ० ******

**मानव अधिकार दिवस**

आज मानव अधिकार दिवस मनाइँदैछ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र पारित भएको उपलक्ष्यमा हरेक वर्ष डिसेम्बर १० तारिखका दिन यो दिवस मनाउने गरिन्छ। संयुक्त राष्ट्रसंघको महासभाले सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र पारित गरी लागू गरेको थियो। यसलाई विश्वभरि नै मानव अधिकारको संरक्षणको लागि एक सामान्य मानकको रूपमा अपनाईएको थियो। यस वर्षको मानव अधिकार दिवसको नारा 'हाम्रो अधिकार, हाम्रो भविष्य' रहेको छ। यस विषयले मानव अधिकार केवल एक आकांक्षा मात्र होइन, तर राम्रो भविष्य निर्माण गर्न व्यक्ति र समुदायलाई सशक्त बनाउने व्यावहारिक माध्यम हो भन्ने कुरामा जोड दिन्छ।

****** ० ******

**एस एम कृष्णा - बेंगलुरु**

कर्नाटकका पूर्व मुख्यमन्त्री तथा पूर्व केन्द्रीय मन्त्री एसएम कृष्णाको निधनप्रति राष्ट्रपति, प्रधानमन्त्री सगै कर्नाटकका मुख्यमन्त्री सिद्धारमैया र अन्य वरिष्ठ नेताहरूले दुःख व्यक्त गरेका छन्। राष्ट्रपति द्रौपदी मुर्मूले उनलाई विकासका लागि प्रतिबद्ध नेताका रुपमा चित्रण गर्नुभयो भने प्रधानमन्त्री नरेन्द्र मोदीले एसएम कृष्णालाई पूर्वाधार विकासमा ध्यान केन्द्रित गर्ने नेताका रुपमा स्मरण गर्नुभयो।

****** ० ******

**एस. एम. कृष्णा**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले कर्नाटकका पूर्व मुख्यमन्त्री तथा पूर्व विदेशमन्त्री एसएम कृष्णाको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभयो भने कृष्ण कर्नाटकका लागि मात्र नभई सिंगो देशका लागि प्रख्यात नेता भएको बताउदै उहाको सुधार र उपलब्धिहरूले उनलाई परिचित बनाएको बताउनु भयो। यसका साथै मुख्यमंन्त्री बेनर्जीले सामाजिक पोस्टमार्फत उनको परिवार, साथीभाइ र प्रशंसकप्रति समवेदना व्यक्त गर्नुभयो। लामो समयदेखि अस्वस्थ रहेका एस.एम.कृष्णाको९२ वर्षको उमेरमा आज बिहान बेंगलुरुस्थित आफ्नै निवासमा निधन भएको थियो। उनको जन्म १ मे १९३२ मा कर्नाटकको मन्ड्या जिल्लाको सोमनाहल्लीमा भएको थियो भने उहाँले सन् १९६२ मा आफ्नो राजनीतिक जीवन सुरु गर्नुभयो ।

****** ० ******

**भोटे बस्ती**

जीर्ण अवस्थामा रहेको दार्जीलिङ नगरपालिकाअन्तर्गत वार्ड नम्बर 31 भोटे बस्ती पुग्ने मुख्य सड़कको शिलान्यास आज नगराध्यक्ष दिपेन ठकुरीको बाहुलीबाट गरियो। क्षेत्रबासीको समस्यालाई मध्यनजर गरेर दार्जीलिङ नगरपालिका वोर्डले उक्त भोटे बस्ती पुग्ने मुख्य सड़क निर्माण कार्यको थालनी गरेको तथा दार्जीलिङलाई अझ सफा सुन्दर पारी सुन्दरीकरण गर्न वर्तमान दार्जीलिङ नगरपालिका वोर्डले काम गरिरहेको नगराध्यक्ष दिपेन ठकुरीले बताउनु भयो। कार्यक्रममा नगरपालिका उपाध्यक्ष प्रतिभा राई, नगर पार्षद-पार्षदिकागण क्रमैले रत्ना लामा, पेमा छोडेन भोटिया, बिष्णु मल्ल, मुकुन्द राज बराईली, दोजी डुक्पा, मणि लामा, गणेश प्रधान, सञ्जय गुरुङ लगायत क्षेत्रबासी उपस्थित थिए।

****** ० ******

**हुकर हाइक**

बिजनबारी क्षेत्रलाई पर्यटनको मानचित्रमा अधि लैजादै पर्यटनलाई प्रोत्साहन दिने प्रमुख उदेश्यको साथमा जीटीए पर्यटन विभागको मुख्य सक्रियता सगै दार्जिलिङ पुलिस तथा फ्रेस एयर भेल्ली सस्थाको मुख्य सहयोगमा युथ फर टुरिज्मको आयोजनामा बिश्वबिख्यात पर्वतारोहीहरु डा हुकर तथा तेन्जिङ नोर्गे शेर्पालाई स्मरण गर्दै नौ किलोमीटर लामो "बिजनबारी हुकर हाइक " कार्यक्रम आगामी १२ डिसेम्बरमा दार्जिलिङ पुलबजार खण्डको मोडल भिजेल लामागाउँबाट शुरु हुनेछ। बिहान नौ बजेबाट शुरु हुने उक्त कार्यक्रम लामागाउँबाट शुरु भएर विभिन्न गाउँ हुदै सिहलिला राष्ट्रिय आरण्यको प्रवेशद्वारा धोत्रेसम्म पुग्नेछ। मुख्य रूपमा उक्त कार्यक्रमको उदेश्य डा हुकरलाई स्थानीय स्तरमा परिचित गराउने युथ फर टुरिज्मको पक्षमा मिङमा गिर्मी शेर्पाले बताउनु भएको छ भने यस कार्यक्रम भाग लिन सबैलाई अनुरोध समेत उहाँले गर्नुभयो।

****** ० ******

**रंगीत मजुवा**

हिमालयन ओरेञ्ज टुरिजम फेस्टिवल छैटौं संस्करणमा रंगीत मजुवा होमस्टे संघको प्रतिनिधिहरूले मजुवालाई ग्रिन भिलेज एग्रो टुरिजममा समावेश गराउनु पर्ने मांग उठान गरेको छ। सेक्टर वान सिटी सेन्टर कलकत्तामा भइरहेको हिमालयन ओरेञ्ज टुरिजम फेस्टिवल छैटौं संस्करणमा रंगीत मजुवा होमस्टे संघको प्रतिनिधिहरूले तेस्रो पटक सहभागिता जनाएर रंगीत मजुवाका सम्पूर्ण गाउँहरूलाई नै सार्वङिन विकासमा सरकारले हातेमालो गर्न पर्ने माग गर्दै रंगीत मजुवालाई ग्रिन भिलेज एग्रो वेश टुरिजम पश्चिम बंगालको पहिलो गाउँमा समावेश गराउने उठान गरेको छ।

****** ० ******

**तकदा**

किशोरीहरूले अल्प आयुको विवाहबारेमा जागरुक बनाउने प्रमुख उदेश्यको साथमा रङली-रङलियट खन्डको ट्राइजम भवनमा गैरसरकारी संस्था डब्लु भी एचएको आयोजना एक सचेतना कार्यक्रमको आयोजन गरिएको छ। कार्यक्रममा सभापति देवकुमार छेत्री, जोइन्ट बीडीओ समीरदास लगायत, रङली रङलीयट पुलिस स्टेशनका कर्मचारीहरू, पञ्चायत समितिका सदस्यगण, ग्राम पञ्चायतका प्रधान लगायतको बिशेष  उपस्तिति रहेको थियो। खन्ड कार्यालय, पञ्चायत र अरूको संयुक्त तत्वावधानमा आयोजन गरिएको कार्यक्रम विद्यार्थीहरूलाई यसबारेमा जागरुक अवगत गराइएको थियो। उक्त गैरसरकारी संस्था डब्लु भी एचएको पहलमा यो क्षेत्रमा ड्रग्स जस्ता लागू पदार्थको रोकथाम गर्ने बारेमा पहिलाबाटै अभियान चलाइरहेको छ।

****** ० ******

## DEMISE

नेपाली साहित्यका प्रबुद्ध साहित्यकार, समालोचक, कवि डा. जीवन नामदुंग पत्नी शोकमा पर्नुभएको छ। सोनादा होली क्रस कन्या उच्च माध्यमिक विद्यालयकी पूर्व शिक्षिका श्रीमती मीना लामा नामदुंग एक आदर्श, समर्पित गुरुमा एवम् सोनादा क्षेत्रमा साई समितिको बाल विकास कक्षा शुरू गर्ने पहिलो व्यक्ति हुनुहुन्थ्यो। चिकित्साधीन अवस्थामा रहेकी श्रीमती मीना लामा नामदुंगले सिलगढ़ीको एउटा नर्सिङ होममा हिजो अन्तिम श्वास लिनुभयो। आज उहाँको दाह संस्कार गरियो। आगामी १२ दिसम्बरमा उहाँको अन्त्येष्टि कार्य हुने परिवार पक्षले जनाएको छ।

****** ० ******

**पुटुङ**

मिरिकको पुटुङ चियाबारीमा चिया श्रमिकहरूको पी एफ नपाउँदा श्रमिकहरू तनावग्रस्त बनेका छन्। विगत २५  साल अघिदेखि काम गरिरहेका श्रमिकहरूको आजसम्म पनि पी एस नपाउँदा उनीहरू आज सडकमा उत्रेका हुन। पी एफ विषयमा मालिक पक्षले अनियमितता देखाएपछी श्रमिकहरू मैदानमा उत्रिन बाध्य बनेको चिया श्रमिकहरू बताउछन्।

****** ० ******

**कुसाङ शेर्पा**

५औं पल्ट माउण्ट एभरेष्ट चढेर रेकर्ड तोड्न सफल कुसाङ शेर्पाको असामयिक निधनप्रति सुशांत समितिले गहिरो शोक प्रकट गरेको छ गत आज समितिका सबै  मण्डली सदस्य  अनि शाेकित परिवारकाे उपस्थितिमा  प्रतिनिधीहरुले शोक संतप्त परिवारको घर पुगेर   शोकित परिवारलाई सम्वेदना प्रकट गर्नको साथै स्व  कुसाङ शेर्पाको निम्ति अगावै सम्वर्द्धनाको निम्ति तयार पारिएको सम्वर्द्धना पत्र पनि मृत्यु पर्यन्त सम्मानको रुपमा प्रदान गरिएको सचिव  सांगे डुक्पाले बताउनु भएको छ। स्वर्गीय शेर्पा तेञ्जिङ नोर्गे पुरस्कारको साथमा बङ्ग रत्न पुरस्कारबाट पनि सुसोभियत भएका व्यक्ति हुन्।

****** ० ******

**सम्बोथा**

तिब्बती समुदायका मानिसहरू र सम्भोटा विद्यालयका विद्यार्थीहरूले आज दार्जीलिङको  सम्बोथा तिब्बती विद्यालयमा १४ औं दलाई लामालाई नोबल शान्ति पुरस्कार प्रदान गरेको ३५ औँ वार्षिकोत्सव मनाएका छन्। कार्यक्रममा तिब्बती समुदायका मानिसहरू सगै विद्यार्थीहरूको बिशेष उपस्थिति थियो।

****** ० ******

**मौसम**

पश्चिम बङ्गालमा अहिले चिसो मौसमले बिस्तारै गति लिन थालेको छ। बादल र पश्चिमी विक्षोभका कारण शीतलहरको अवस्था तीव्र हुँदै गएको छ। मौसम विभागका अनुसार भोलीदेखि तापक्रम अझै घट्ने सम्भावना रहेको जनाएको छ।साताको अन्त्यसम्ममा कोलकाताको न्यूनतम तापक्रम १५ डिग्री सेल्सियससम्म पुग्न सक्छ भने पश्चिमी जिल्लामा १० डिग्री सेल्सियस वा त्योभन्दा कम हुन सक्छ। उत्तरी बङ्गालमा पनि चिसो र बाक्लो कुहिरोको प्रभाव पर्नेछ। यसैबीच उत्तर बङ्गालको दार्जिलिङ, जलपाईगुडी, कूचबिहार, उत्तरी दिनाजपुर र माल्दा जिल्लामा बाक्लो कुहिरोको चेतावनी जारी गरिएको छ।

****** ० ******

**फुटबल**

स्थानीय प्रतिभालाई मंच दिदै खेलको माध्यमबाट युवाहरूलाई मार्गदर्शन दिने प्रमुख उदेश्यको साथमा कृषि हाट कमिटी सुरमान गाउँ नयाँनोरद्वारा आयोजित खुला नगदराशी फुटबल प्रतियोगिता रगारग कार्यक्रमको साथमा समापन गरियो। स्थानीय सुरमान गाउँ सार्वजनिक खेल मैदानमा आयोजित कार्यक्रममा विभिन्न जातीय सास्कृतिक नृत्यहरु प्रस्तुत गरिएको थियो |

****** ० ******

**युनाइटेड घैयाबारी**

युनाइटेड घैयाबारी स्पोटर्स एसोसिएसनको आयोजनामा आजदेखि घैयाबारीको नेताजी हाई स्कूलको खेल मैदानमा फुटबल टुर्नामेन्ट शुरु भएको छ। उक्त टुर्नामेन्टको उदघाटन खेल आज उदय संघ घैयाबारी र लक्की सेभेन हिमाली बोइस खरसाङमाझ सम्पन्न भएको छ। उक्त खेलमा उदय संघ घैयाबारीले 2-0 ले खेल जितेर दोस्रो चरणमा प्रवेश गरेको छ। घैयाबारी स्पोटर्स एसोसिएसनको आयोजनामा आयोजित उक्त फुटबल टुर्नामेन्टको फाइनल खेल आगामी 26 जनवरीमा हुने भएको छ। यस फुटबल टुर्नामेन्टमा जम्मा 22 वटा टिमहरुले सहभागिता जनाएका छन्। यस फुटबल टुर्नामेन्टमा विजेतालाई आकर्षक ट्रफीसहित नगदराशि डेढ लाख रुपियाँ र उप विजेतालाई आकर्षक ट्रफीसहित नगदराशि एक लाख रुपियाँ प्रदान गरिने भएको छ। आजको खेलमा मुख्य अतिथिको रुपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको युवा मामिला अनि खेलकूद विभागको एमओडी सभासद नवराज छेत्री विशिष्ट अतिथिहरुको रुपमा घैयाबारी ग्राम पञ्चायत तीनको पञ्चायत प्रधान सुष्मा वाईबा, खरसाङ खण्ड पञ्चायत समितिको शिक्षा अनि खेलकूद विभागको कर्माध्यक्ष वाङ्दी लामा लगायत अन्यहरु उपस्थित रहेका थिए।

****** ० ******

************